(NSTB/NVQS/MoSD/RPLPBA/2081/082-II)

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् (CTEVT)
बागमती प्रदेश, हेटौंडा, मकवानपुर

# सीप परीक्षणको आवेदन आह्वान सम्बन्धी सूचना

सूचना प्रकाशित मितिः २०८१/१२/२६

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्, राष्ट्रिय सीप परीक्षण समिति (National Skill Testing Board-NSTB) बाट स्वीकृत राष्ट्रिय व्यवसायगत सीप प्रमाणिका अनुसार बागमती प्रदेश सरकार सामाजिक विकास मन्त्रालय /नेपाल व्यावसायिक योग्यता प्रणाली परियोजना दोस्रो(NVQS-PII) को तर्फबाट **पूर्व सिकाईको मान्यता** (Recognition of Prior Learning-RPL) विधिद्वारा सहुलियत शुल्कमा सञ्चालन हुने **एकाईगत दक्षता** (Unit Competency) को **सीप परीक्षण** (परामर्श तथा सीप परीक्षण)मा सहभागी हुन चाहने **स्वदेश वा वैदेशिक रोजगारको अनुभव** प्राप्त नेपाली नागरिकहरूबाट तोकिएको सीप परीक्षण केन्द्रमा आवेदन फाराम पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

फाराम सङ्कलन केन्द्रहरु, परीक्षण हुने व्यवसाय र तहः

| क्र. स. | आवेदन फाराम सङ्कलन/सीप परीक्षण केन्द्रहरु | सम्पर्क न. | व्यवसाय | तह |
|---|---|---|---|---|
| १. | CTEVT बागमती प्रदेश कार्यालय, हेटौंडा उप-महानगरपालिका-११ सरस्वती, नवलपुर र सामाजिक विकास मन्त्रालय, हेटौडा, मकवानपुर | ०५७-५२४९९१ ९८५५०३४९९१, ०५७-५९०५२६, ०५७-५९००१७ | टाईल एण्ड मार्वल फिक्सर | १ |
| | | | कन्स्ट्रक्सन मेसन | २ |
| | | | प्लम्बर | २ |
| | | | बिल्डिङ्ग पेन्टर | २ |
| | | | कम्प्युटर हार्डवियर एण्ड नेटवर्क टेक्निसियन | २ |
| | | | वेल्डर | २ |
| | | | रेफ्रिजेरेसन एण्ड एयरकन्डिसन मेकानिक | २ |
| | | | सेल मोबाइल फोन मर्मत टेक्निसियन | २ |
| २ | नेपाल पोलिटेक्निक इन्स्टिच्युट, भरतपुर, ओरालो, चितवन | ०५६-४२१२६१ ९८५५०६०७६९ | टाईल एण्ड मार्वल फिक्सर | १ |
| | | | कन्स्ट्रक्सन मेसन | २ |
| | | | प्लम्बर | २ |
| | | | बिल्डिङ्ग पेन्टर | २ |
| | | | कम्प्युटर हार्डवेयर एण्ड नेटवर्क टेक्निसियन | २ |
| | | | सेल मोबाइल फोन मर्मत टेक्निसियन | २ |
| ३ | पिस प्राविधिक तालिम केन्द्र, ग्वार्को, ललितपुर | ०१-५२००८४३ ९८५१००८०३८ | वेल्डर | २ |

क) आवेदनको लागि न्यूनतम योग्यता:

| | |
|---|---|
| तह १ को लागि | सम्बन्धित व्यवसायको ज्ञान र सीप भई सम्बन्धित पेशामा कम्तीमा १ वर्षको कार्य अनुभव भएको, |
| तह २ को लागि | सम्बन्धित व्यवसायको ज्ञान र सीप भई सम्बन्धित पेशामा कम्तीमा ३ वर्षको कार्य अनुभव भएको<br>वा<br>सम्बन्धित व्यवसायमा तह १ को सीप परीक्षण उत्तीर्ण भई सम्बन्धित पेशा मा १ वर्षको कार्य अनुभव भएको, |

ख) <u>आवेदन तथा दर्ता शुल्क:</u> रु.२७० (आवेदकले व्यहोर्ने)

घ) <u>सीप परीक्षणमा सहभागीले</u> <u>आवेदन फाराम भर्दा पालना गर्नु पर्ने शर्तहरू:</u>

१) यस सूचना तथा आवेदन फाराम सामाजिक विकास मन्त्रालय बागमती प्रदेशको वेबसाइट https://www.mosd.bagamati.gov.np तथा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (CTEVT) बागमती प्रदेशको वेभसाइट https://www.ctevtbagmati.org.np बाट डाउनलोड गर्न तथा तोकिएको केन्द्रबाट प्राप्त गर्न सकिनेछ ।

२) आवेदन फाराम तोकिएको केन्द्रमा मिति २०८२।०१।०९ गते भित्र बुझाउनु पर्नेछ । आवेदन फाराम बुझाउने अन्तिम दिन बिदा परेमा सो को भोलि पल्ट सम्म बुझाउन सकिनेछ।

३) आवेदन फारामको साथ पासपोर्ट साइजको हालसालै खिचिएको एकै किसिमको फोटो २ प्रति, नागरिकता प्रमाण पत्रको प्रतिलिपि र अनुभवको प्रमाणपत्र (अनुभवको प्रमाणपत्रको हकमा नेपाल सरकार, वा अर्द्ध सरकारी संस्था वा नेपाल सरकारमा दर्ता VAT/PAN नम्बर प्राप्त निजी रोजगारदाता संस्था/उद्योग/व्यवसायीले सम्बन्धित पेशा /व्यवसायमा काम गरेको वा गरिरहेको स्पष्ट खुलाइएको अवधि सहितको प्रमाणपत्र वा पत्रको प्रमाणित प्रतिलिपि पेश गर्नु पर्नेछ । अनुभव १६ वर्ष उमेर पछिको मात्र मान्य हुनेछ ।

४) स्थानीय स्तरमा स्वरोजगार भई कार्य अनुभव भएका व्यक्तिले अनुभवको प्रमाणपत्रको हकमा आफू कार्यरत वडा कार्यालयको सिफारिस पत्र पेश गर्न सक्नेछन् ।

५) वैदेशिक रोजगारबाट फर्केका व्यक्तिले आवेदन फाराम भर्दा सीप परीक्षण गर्नुपर्ने पेशाको विदेशमा गरेको कामको अनुभव पत्र (अङ्ग्रेजीमा अनुवादित गरिएको प्रति), पासपोर्ट र भिसाको प्रतिलिपी अनिवार्य पेश गर्नु पर्नेछ ।

६) कुनै पनि पेशा/तहमा स्वीकृत आवेदन सङ्ख्या तीन (३) भन्दा कम भएमा सो पेशा/तहको सीप परीक्षण संचालन गरिने छैन ।

७) तोकिएको समयभित्र दर्ता नभएका र रित नपुगेका आवेदन फारामहरू स्वतः रद्द हुनेछन् ।

८) परामर्श सेवा तथा सीप परीक्षणको जानकारी SMS बाट समेत जानकारी गराइने छ । तोकिएको सीप परीक्षण केन्द्रमा

९) सहभागी आफै उपस्थित भई सीप परीक्षणको अघिल्लो दिन भित्र प्रवेश पत्र प्राप्त गर्न सकिनेछ । सम्पर्क मितिको भोलिपल्ट देखि नै सीप परीक्षण सञ्चालन हुन सक्नेछ ।

१०) परामर्शकर्ताको सिफारिस अनुसार सीप परीक्षणका लागि तयार भएका आवेदकले मात्र भौचर (सीप परीक्षणमा लाग्ने सामाग्री तथा अन्य खर्च) प्राप्त गरी सीप परीक्षणमा सामेल हुन पाउने छन् ।

११) यस भन्दा **पहिले सीप परीक्षणमा सहभागी भएका** परीक्षार्थीहरूले पहिले सीप परीक्षणमा सहभागी हुँदाको रजिष्ट्रेशन नं. अनिवार्य रूपमा उल्लेख गर्नु पर्नेछ । यसरी दोहोऱ्याएर सीप परीक्षण दिनेहरूले आवेदन फारामको माथि **पुनः परीक्षण** भन्ने कोठामा चिन्ह लगाउनु पर्ने छ ।

१२) आवेदकले कुनै एक तह वा पेशामा मात्र आवेदन दिन पाउने छन् ।

१३) तहगत राष्ट्रिय व्यवसायगत सीप प्रमाणिका (NOSS) मा भएका दक्षताका इकाईहरू मध्ये परीक्षार्थीले उत्तीर्ण गरेको दक्षताको इकाईको प्रमाण पत्र प्राप्त गर्न सक्नेछन् ।

१४) सीप परीक्षण आवेदन फाराम सङ्कलन केन्द्रले आवेदन सङ्कलन गर्दा **आवश्यक कागजात पुगेको रुजु गरी (आवेदन फाराम भर्ने अन्तिम मितिबाट पाँच दिन भित्र Online System बन्द हुने भएकाले)** उक्त अवधि भित्र अनलाइन फाराम इन्ट्री गरी परिषद् प्रदेश कार्यालयबाट अन्तिम **रुजु भई सके पछि** इन्ट्री वापत प्रति फाराम रु. ७०।– का दरले कट्टा गरी बाँकी रकम जम्मा गर्ने केन्द्रको नाम र आवेदन संख्या स्पष्ट खुलाई प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् बागमती प्रदेशको नाममा रहेको राष्ट्रिय बाणिज्य बैंक लि., शाखा कार्यालय हेटौंडा च. हि. खाता नं. *१३००१००००३६६८००१* मा रकम जम्मा गरी सक्कल भौचर स्क्यान कपि अपलोड गर्नु पर्नेछ ।

१५) यस सूचनामा उल्लेखित पेशा व्यवसायको सीप परीक्षण सम्बन्धित प्रमाणिकृत वा तोकिएको सीप परीक्षण केन्द्रमा सञ्चालन हुनेछ ।

**थप जानकारीको लागि प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् बागमती प्रदेशको मोबाइल नम्बर ९८५५०३४९९१ तथा नेपाल व्यावसायिक योग्यता प्रणाली, प्रदेश परियोजना सहयोग इकाईको सम्पर्क नम्बर ०५७-५९०५२६, ०५७-५९००१७ मा सम्पर्क गर्न सकिने छ ।**

- निर्देशक